# आर्थिक वर्ष २०८०/०८१को
# बजेट वक्तव्य

नलगाड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दल्ली, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

नलगाड नगरपालिकाको बाह्रौं नगर सभाको वैठकमा

नगर उप प्रमुख श्री सरिता सिंहले

मिति २०८०।०३।०८ मा प्रस्तुत गर्नु भएको

आर्थिक वर्ष २०८०/०८१को

बजेट वक्तव्य

आदरणीय सभाध्यक्ष महोदय,

प्रमुख अतिथी ज्यू

विशेष अतिथी ज्यू

नगर सभाका सदस्य ज्यूहरु,

नगरपालिका स्थित राजनैतिक दलका प्रमुख एवं प्रतिनिधी ज्यूहरु,

नगरपालिका स्थित सुरक्षा निकायका प्रमुख ज्यहरू,

विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाका प्रमुख एवं प्रतिनिधी ज्यूहरु,

नगरपालिकाका विभिन्न समिति एवं उपसमितिका पदाधिकारी ज्यूहरु,

समाजसेवी, वुद्धिजीवी, शिक्षक पत्रकार, उद्योगी, व्यापारी, जेष्ठ नागरीक, नागरिक समाजका प्रतिनिधि, दलित तथा अल्पसंख्यक, एकल महिला, शहिद परिवार र कर्मचारी लगायत उपस्थित आदरणीय सम्पुर्ण नगरवासी, दाजुभाई तथा दिदि बहिनीहरु,

१. नलगाड नगरपालिकाको यस गरिमामय बाह्रौ नगर सभाले आर्थिक वर्ष २०८०।०८१ को बजेट प्रस्तुत गर्न गईरहेको छु । सिमित स्रोत साधन वाट असिमित जनचाहाना र अपेक्षाहरु पुरा गराउनु प्रमुख चुनौती नै छ यद्यपी आगामी आ.व. २०८०।०८१ को अनुमानित बजेटले सबै जनसमुदायलाई प्रतिनिधि रुपमा समेट्नेछ भन्ने अपेक्षा गरेको छु । नेपालको भौगोलीक अखण्डता, सार्वभौमिकता, राष्ट्रिय एकता, स्वाधीनता र मुलुकको स्वाभिमान रक्षा गर्दै लोकतान्त्रिक गणतन्त्र, संघीय शासन प्रणाली, समावेशिता, धर्म निरपेक्षता, सामाजिक न्याय, जनताको मौलिक हक र अधिकार प्राप्तिका

लागि भएका ऐतिहासिकआन्दोलन र जनक्रान्तिमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात विर सहिदहरु प्रति भावपूर्ण हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु । साथै सम्पूर्ण घाइते, अपाङ्ग तथा वेपत्ता नागरिकहरु प्रति हार्दिक सम्मान व्यक्त गर्दछु । यस नगरपालिकाको परिकल्पना, विकास र उत्थानमा विगत र वर्तमानमा भूमिका खेल्नु भएका सम्पूर्ण क्षेत्रका महानुभावहरुको योगदानको उच्च कदर एवं प्रशंसा गर्न चाहान्छु ।

२. संघीयता कार्यान्वयनको क्रममा हाम्रो नलगाड नगरपालिका आर्थिक सम्वृद्धि, सुशासन र विकासको मार्गमा निरन्तर अगाडी बढिरहेको छ । नलगाड नगरपालिका लोकतन्त्रका आधारभुत मुल्य, मान्यता, मानव अधिकारको संरक्षण, सुशासन, उत्तरदायी सरकार, भ्रष्टाचार नियन्त्रण, स्वतन्त्र न्यायपालिका, पुर्ण प्रेश स्वतन्त्रता, विधिको शासन, जनताका आधारभुत हक अधिकारहरुप्रति प्रतिबद्ध छ। यस सुखद उपल्यक्षमा नलगाड नगरपालिकाको गरिमामय बाह्रौ नगरसभामा नलगाड नगरपालिकाको बार्षिक बजेट तथा कार्यक्रकम सम्मानीत सभा समक्ष प्रस्तुत गर्न पाउदा म अत्यन्तै हर्षित भएको छु । अव म तपाईहरु समक्ष आर्थिक वर्ष २०८०।८१ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

३. विगत देखि विद्यमान रहेको राजनैतिक शुन्यता, समय समयमा आर्थिक समृद्धि र सामाजिक रुपान्तरणका लाीग भएका अन्दोलनहरुबाट प्राप्त जन निर्वाचित संविधानसभा मार्फत नया संविधानको निर्माण सँगै शासकीय स्वरुपमा आमुल परिवर्तन भई लामो समय देखि रहेको केन्द्रिकृत शासन व्यवस्था तीन तहको संघीय शासन व्यवस्था प्रणालीमा रुपान्तरण भयो

फलस्वरुप स्थानीय सरकारको पहिलो कार्यकाल समप्त भई दोश्रो स्थानीय तहको निर्वाचन समेत सम्पन्न भई स्थानीय सरकारले पुर्णता पाएको छ । तसर्थ विगतका राजनितिक परिवर्तनबाट प्राप्त भएका उपलब्धीलाई संस्थागत गरी विकास र सेवाको रुपमा त्यसको लाभ नागरिकको घरदैलोसम्म पुर्‍याउन र नलगाड नगरबासीको हसिलो मुहार हेर्न हामीले धेरै कार्य गर्नुपर्ने सामुहिक जिम्मेवारी रहेको छ । संघीयताको सफल कार्यान्वयन, सुशासन, विकास, समाबेशीता र सामाजिक न्याय तथा समाजबाद उन्मुख आर्थिक, सामाजिक संरचनाको विकास गर्दै हालको परिस्थितिमा उपचार, उत्पादन र आपुर्तिमा परिलक्षित भई आर्थिक वृद्धि हासिल गर्ने दिशामा आगामी वर्षको बजेट तथा कार्यक्रम लक्षित रहेको छ ।

४. बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान र कानुनहरु, नेपालको पन्ध्रौ योजना, नेपाल सरकारबाट प्राप्त मार्गदर्शन, कर्णाली प्रदेश सरकारका मार्गदर्शन तथा कानुनहरु, विनियोजन विधेयक २०८०, नलगाड नगरपालिकाको नीति तथा कार्यक्रम, विभिन्न समिति तथा वडा समिति, राजनैतिक दल, संघ संस्था तथा समग्र पक्षवाट प्राप्त सुझावहरुलाई प्रमुख आधार बनाएको छु ।

**आदरणीय सभाध्यक्ष महोदय,**

म अब यस सम्मानितनगर सभामा आ.व. २०८०।८१ को बजेटका उद्धेश्य प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**बजेटकाउदेश्यहरु** :

क) कृषि, पशु, वन क्षेत्रको उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गरी समतामूलक रोजगारी सिर्जना गर्नु ।

(ख) सहज जीवनयापन र समुन्नत नगरपालिका निर्माणका लागिजलवायु परिवर्तनसँग अनुकुलित हुँदै विपद्उत्थानशील भौतिक पूर्वाधारको विकास र विस्तार गर्ने ।

(ग) स्थानीय उत्पादनमा जोड दिई कृषिको विविधीकरण, व्यवसायीकरण गर्दै जनतालाई भोकमरीबाटबचाउने र रोजगारीको अवसर सिर्जना गर्ने ।

(घ) नागरिकको मौलिक हकको रुपमा रहेको स्वास्थ्य तथा शिक्षा क्षेत्रको विकास, विस्तार र सुदृढिकरण गर्ने ।

(च) सामाजिक, आर्थिक र भौतिक पूर्वाधारको दीगो विकास गर्ने ।

(छ) आर्थिक, सामाजिक तथा साँस्कृतिक विभेदको अन्त्य गरी सामाजिक न्याय र समानतामा कायम गर्ने ।

(ज) संस्थागत विकास मार्फत सुशासन प्रत्याभूत गर्नु ।

**आदरणीय सभाध्यक्ष महोदय**

म अब यस सम्मानित नगर सभामा आ.व. २०८०।०८१ को बजेटका प्राथमिकताहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**बजेटका प्राथमिकताहरु** :

- कृषि, पशुपालन तथा रोजगार क्षेत्र
- लघु घरेलु तथा साना उद्योग
- सडक निर्माण क्षेत्र
- शिक्षा क्षेत्र

- जलस्रोत तथा सिंचाई
- स्वास्थ्य तथा सरसफाई क्षेत्र
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण
- पर्यटन
- पूर्वाधार विकास क्षेत्र
- शासकिय सक्षमताको विकास सुशासन र सदाचार प्रर्वद्धन
- खेलकुद विकास क्षेत्र
- साँस्कृतिक प्रवर्द्धन क्षेत्र

**आदरणीय सभाध्यक्ष महोदय**

म अब यस सम्मानित नगर सभामा आ.व. २०८०।०८१ को बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्वन गरिएका नीति तथा आधारहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- नेपालको संविधान
- नलगाड नगरपालिकाको दोश्रो आवाद्यिक योजना
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- पन्ध्रौं पञ्चवर्षिय योजना,
- संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयका परिपत्रहरु,
- संघीय सरकारका नीति तथा कार्यक्रमहरु र बजेट वक्तव्य,
- प्रदेश सरकारका नीति तथा कार्यक्रमहरु र बजेट वक्तव्य,
- नलगाड नगरपालिकाकोदोश्रो आवद्यिक योजना

➢ वस्ती तथा टोलस्तरीय भेला, वडा समिति हुँदै सहभागितामुलक योजना तर्जुमा प्रक्रिया द्वारा आएका आयोजना तथा कार्यक्रमहरु,

➢ नलगाड नगरपालिकाको क्षेत्रमा विद्यमान विकास सम्बन्धी अवसर तथा चुनौती र वस्तु स्थितिको अवस्थाको विश्लेषण,

➢ दिगो विकासका लक्ष्यहरु(सन २०१६ देखि २०३० सम्म)

**आदरणीयसभाध्यक्ष महोदय,**

अव म आगामी आ.व. ०८०।८१ का लागि संक्षिप्त बजेट विनियोजन प्रस्तुत गर्न गईरहेको छु ।

**आर्थिक विकास क्षेत्र**

१. आर्थिक वर्ष २०८०।८१ मा आर्थिक विकास क्षेत्रको लागि रु. ७५ लाख बजेटको सीमा निर्धारण गरेको छु ।

२. विदेशबाट घर फर्किएका र वेरोजगार विपन्न नागरिकहरलाई रोजगार प्रर्वद्धन गर्न **नगर प्रमुख रोजगार कार्यक्रम**को लागि रु. ५० लाख बजेट बिनियोजन गरेको छु ।

३. गरीवी निवारण गर्न तथा उद्यमशिलता विकास गरि रोजगारी सृजन गर्न गरिवी निवारणका लागि तथा उद्यम विकास कार्यक्रम सँग म्याचिङबाट सांचालन गर्ने गरि रु ७ लाख विनियोजन गरेको छु ।

**सामाजिक विकास क्षेत्र**

१. आर्थिक वर्ष२०८०।८१ मा सामाजिक विकास क्षेत्रको लागि रु. ८० लाख बजेटको सीमा निर्धारण गरेको छु ।

२. विपन्न नागरिक तथा दिर्घरोगीहरुको उचित स्वास्थ्य अबस्थालाई मध्येनजर गरी आर्थिक सहायता उपलव्ध गराउन **आकष्मिक कोषको** लागि रु. २० लाख बजेट बिनियोजन गरेको छु ।

३. नलगाड नगरपालिकाको शैक्षिक क्षेत्रको गुणस्तर अभिबृद्ध गरि क्षैक्षिक व्यवस्थापन गर्न शैक्षिक व्यवस्थापन कोष मा रु. ४० लाख विनियोजन गरको छु ।

४. आधारभुत खानेपानी सेवामा नागरिकको सहज पहुँच सुनिश्चित गर्न र गुणस्तर बृद्धि गर्न निर्माणाधिन आयोजनाहरु सम्पन्न गर्न संघीय सरकार, प्रदेश र स्थानीय सरकारसंग समन्वय गरिनेछ ।
५. नलगाड नगरपालिकामा रहेका आर्थिक, सामाजिक, साँस्कृतिक क्षेत्रमा व्याप्त विभेद अन्त्य गर्न पछि परेका वर्ग, जाती, समुदायको संरक्षण, सुरक्षा र सशक्तिकरणका कार्यक्रम संचालन गर्न आबश्यक बजेटको व्यबस्था मिलाएको छु ।
६. नलगाड नगरपालिका भित्र रहेका एकल महिला, अपांगता भएका नागरिक र आर्थिक सामाजिक रुपले पछाडि परेका समुदायको हक हितको संरक्षण गर्न आबश्यक बजेट तथा कार्यक्रमको तर्जुमा गरेको छु ।
७. जनता प्रा.वी पिपलचौरमा सञ्चालित बिशेष श्रोत कक्षा सञ्चालन तथा व्यस्थापनका लागि १० लाख विनियोजित गरेको छु ।
८. नगर प्रमुख खेलकुद प्रतियोगिता सञ्चालन तथा अन्य खेलकुद क्षेत्रको व्यवस्थापन र विकासका  लागि रु.१० लाख बजेट विनियोजन गरेको छु ।
५. नलगाड नगरपालिका भित्रको पहिचान नलगाडको लोक कला संस्कृतीको संरक्षण र प्रवद्धन गर्न नलगाड सांस्कृतिक महोत्सव सञ्चालन तथा व्यवस्थापनका लागि रु. ५ लाख विनियोजन गरेको छु ।
९. न्यायीक समितिको कार्यालय व्यवस्थापन तथा विविध कार्यक्रम संचालनका लागि रु. १० लाख विनियोजन गरेको छु ।
१०.जोखिम तथा वञ्चितीमा परेका लक्षित वर्गलाई विविध कार्यक्रम तथा सहुलियत तथा विशेष व्यवस्था गरि सामाजिक न्याय कायम गर्न विविध कार्यक्रम तथा अन्य कार्य गर्न रु. १२ लाख विनियोजन गरेको छु ।
११. पालिका भित्रको लोक संस्कृती तथा अन्य सांस्कृतीक पहिचान संरक्षण र प्रचार प्रशारका कार्यका लागि रु. ३ लाख बजेट विनियोजन गरेको छु ।

## पुर्वाधार विकास क्षेत्र

१. आर्थिक वर्ष २०८०।८१ को लागि पूर्वाधार विकास क्षेत्रमा रु. १ करोड ८० लाख बजेटको सीमा निर्धारण गरेको छु ।

२. नलगाड नगरपालिका भित्रका सबै वडा कार्यालयहरुमा सडक संजाल विस्तार गर्न तथा निर्माण सम्पन्न सडकको स्तरोन्नती गर्न संघ, प्रदेश र स्थानीय सरकारको सहकार्यमा सडकको पहुँच बढाउनको लागि आवश्यक समन्वय र बजेटको व्यवस्था गरिनेछ ।

४. नलगाड नगरपालिकाको सूचना प्रविधिलाई निरन्तरता दिन वडा कार्यालय, स्वास्थ्य संस्था विद्यालयहरुमा ईन्टरनेट जडानलाई निरन्तरता दिन आबश्यक बजेट बिनियोजित गरेको छु ।

५. संघीय सरकार, प्रदेश सरकार र अन्य विभिन्न निकायहरुसंग आयोजना म्याचिंगको लागि रु. ७० लाख समपुरक रकम विनियोजन गरेको छु ।

५. निर्माणाधिन रेडक्रस सोसाईटीको भवन निर्माणका लागि रु.१२ लाख बजेट विनियोजन गरेको छु ।

६. संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने आयोजना तथा विभिन्न संघ संस्थाहरु सँग म्याचिङ हुने गरि रु. ७० लाख रकम बजेट विनियोजन गरेको छु ।

७. सडक सञ्जाल नपुगेका वडाहरुमा सडक पहुँच सुनिश्चित गराउन वडा नं ९ को ताँत्रगाड देखि वडा कार्यालय सडकको लागि रु.२० लाख र वडा नं १३ को फुम्दा गेउ सडकका लागि रु.१५ लाख बजेट विनियोजन गरेको छु ।

## वातावरण तथा विपद व्यवस्थापन क्षेत्र

१.आर्थिक वर्ष २०८०।८१ को लागि वातावरण तथा विपद व्यवस्थापन क्षेत्रमा रु. ४० लाख बजेटको सीमा निर्धारण गरेको छु ।

२. नलगाड नगरपालिका भित्र बाढी पहिरोको उच्च जोखिम रहेका स्थानहरुमा तटबन्धन नियन्त्रणका लागि आबश्यक बजेट तर्जुमा गर्न संघीय सरकार र प्रदेश सरकार संग कार्यक्रम तर्जुमाको लागि आबश्यक व्यबस्था मिलाएको छु ।

३. नलगाड नगरपालिका भित्ररहेका खेती योग्य जमिनहरुमा सिंचाई सुविधा उपलब्ध गराउनको लागि आबश्यक बजेट विनियोजन गरेको छु ।

४. प्राकृतिक तथा गैर प्राकृतिक प्रकोपको कारणले मर्मत सम्भार गर्नुपर्ने आयोजनाहरुको लागि मर्मत सम्भार कोषमा रु. ९० लाख बजेट विनियोजन गरेको छु ।

## सुशासन र सार्वजानिक सेवा प्रवाह

१. सुशासन तथा सार्वजनिक सेवा प्रवाहको क्षेत्रमा रु २५ लाख बजेट विनियोजन गरेको छु । नलगाड नगरपालिकाको जनअपेक्षा सम्बोधन गर्न सक्षम, पारदर्शि, प्रविधिमैत्री र जनउत्तरदायि प्रशासनको विकास गर्न कर्मचारी तालिम तथा क्षमता विकासको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

२ विकास निर्माणका क्रियाकलापहरुलाई जनचाहना, जनहित, जनसहभागिता र जनस्वामित्वलाई प्राथमिकता दिनका लागि सबै आयोजनाहरुको सार्वजनिक सुनुवाई, जनलेखा परिक्षण र सूचना हकको प्रवर्द्धन गर्न आबश्यक व्यबस्था मिलाएको छु ।

३ सार्वजनिक प्रशासनको क्षमता विकास गर्न औजार उपकरणको व्यवस्थाको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

५ स्थानीय सरकारको अधिकारहरुको विषयमा स्थानीय आवश्यकता बमोजिम आबश्यक कानून तर्जुमा गरिनेछ ।

## आदरणीय सभाध्यक्ष महोदय

१आर्थिक वर्ष २०८०।०८१ अनुमानित आयव्ययको विवरण अनुसूचीमा उल्लेख गरेको छु । यद्यपी आ. व. २०८०।०८१ मा प्राप्त हुने अनुमानित रकमलाई संक्षिप्तमा भन्ने अनुमती चाहन्छु । कुल संचीत कोषमा प्राप्त हुने रकम रु ६०

करोड अठहत्तर लाख २२ हजार मध्ये, नेपाल सरकारबाट प्राप्त शसर्त अनुदान रु.३१ करोड १ लाख रुपैया, नेपाल सरकारबाट प्राप्त समानीकरण अनुदान रकम रु. ९ करोड २६ लाख रुपैया मात्र, नेपाल सरकारबाट प्राप्त राजश्व बाडफाड बाट प्राप्त रकम रु.११ करोड ४७ लाख ७१हजार रुपैया, कर्णाली प्रदेश सरकारबाट प्राप्त समानीकरण अनुदान १करोड १ लाख ५६ हजार, कर्णाली प्रदेश सरकारबाट प्राप्त शसर्त अनुदान ३ करोड ६ लाख ९५ हजार, कर्णाली प्रदेश सरकार वाट प्राप्त समपुरक अनुदान रु. १ करोड २५ लाख, नेपाल सरकारबाट प्राप्त विशेष अनुदान ८० लाख, र गत वर्षको नगद मौज्दात रकम रु. ६० लाख र आन्तरिक राजश्वको अनुमान रु. १ करोड ५ लाख रुपैया आय अनुमान गरिएको छ ।

अन्त्यमा बजेट तयारीको क्रममा आवश्यक निर्देशन तथा सल्लाह प्रदान गर्नु हुने यस नगरपालिकाका नगर प्रमुख ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, योजना शाखा प्रमुख ज्यू , आर्थिक प्रशासन शाखा प्रमुख ज्यू , नगर कार्यपालिका सदस्य ज्यूहरु, नगर सभा सदस्य ज्यूहरु, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि ज्यूहरु र पूर्व जननिर्वाचित प्रतिनिधि ज्यूहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । बजेटका सिद्धान्त, उद्धेश्य, प्राथमिकता र नीतिहरुमा व्यापक छलफल गरि नगर सभाका सदस्यहरुले दिनु भएका सुझावको लागि हार्दिक धन्यवाद व्यक्त गर्दछु । बजेट छलफलको क्रममा सुझाव दिनुहुने विषयगत शाखाका प्रमुखहरु तथा यस नगरपालिकामा कार्यरत कर्मचारीहरु, विज्ञहरु लगायत नीजि क्षेत्र तथा नागरिक समाजका वुद्धिजिवीहरु, सामाजिक संघ संस्थाका प्रमुख तथा प्रतिनिधीहरु पत्रकार तथा नलगाड भित्र र बाहिर रहनु भएका दाजुभाई दिदि बहीनीहरु सबैलाई हार्दिक

धन्यवाद ज्ञापन गर्दछु । साथै प्रस्तुत बजेट कार्यान्वयनमा सबै पक्षको पूर्ण रचानात्कम सहयोग प्राप्त हुने अपेक्षा गरेको छु ।

धन्यवाद ।

अनुसूचि - १

संञ्चित कोषमा आर्थिक वर्ष २०८०।०८१ माप्राप्त हुने अनुमानित रकम

| सि.नं. | शीर्षक | अनुमान | कैफियत |
|---|---|---|---|
| | | | |
| १ | नेपाल सरकारबाट प्राप्त शःसर्त अनुदान पुजिगत रु | २,६१,००,००० | |
| २ | नेपाल सरकार वाट प्राप्त शसर्त अनुदान चालु | २८,४०,००,००० | |
| ३ | नेपाल सरकारबाट प्राप्त विशेष अनुदान रकम रु | ८०,००,००० | |
| ४ | नेपाल सरकारबाट प्राप्त समानीकरण अनुदान रु | ९,२६,००,००० | |
| ५ | नेपाल सरकारबाट प्राप्त राजश्व बाँडफाँट रु | ११,४७,७१,००० | |
| ६ | नेपाल सरकारवाट प्राप्त समपुरक अनुदान | ५०,००,००० | |
| ७ | कर्णाली प्रदेश सरकारबाट प्राप्त समानीकरण अनुदान रु | १०१,५६,००० | |
| ८ | कर्णाली प्रदेश सरकारबाट प्राप्त शःसर्त अनुदान रु | ३,०६,९५,००० | |
| ९ | कर्णाली प्रदेश सरकारबाट प्राप्त विशेष अनुदान रु | ७५,००,००० | |
| १० | कर्णाली प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदान रकम रु | १,२५,००,००० | |
| ११ | गत वर्षको नगद मौज्दातको अनुमान रु | ६०,००,००० | |
| १२ | आन्तरिक राजश्वको अनुमान रू | १०५,००,००० | |
| | **कुल संचित कोषमा प्राप्त हुने अनुमानित रकम रु** | ६०,७८,२२,००० | |

अनुसूचि - २

**नेपालको संविधानको धारा २२९ (२) बमोजिम**

**संञ्चित कोषबाट आर्थिक वर्ष २०८०।०८१मा विनियोजन हुने अनुमानित रकम**

रु. हजारमा

| सि.नं. | शीर्षकको नाम | चालु खर्च | पुँजीगत खर्च | वित्तिय व्यवस्था | जम्मा रु. |
|---|---|---|---|---|---|
| १= | नगर कार्यपालिका | १२७४०० | ११९९२२ | ० | २४७३२२ |
| २= | वडा समिति | ० | २६००० | ० | २६००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३= | विषयगत शाखा | २८४८०० | १६७०० | ० | ३०१५०० |
| ४= | विभिन्न कोषहरु | ० | ३३००० | ० | ३३००० |
| | **कुल जम्मा रु** | ४१२२०० | १९५६२२ | ० | ६०७८२२ |

**(क) शसर्त कार्यक्रम तर्फ खर्च**

नेपाल सरकारद्धारा वित्तिय हस्तान्तरण हुदाँका बखत तोकिएका कार्यक्रममा नै खर्च गर्ने गरी चालुगत र पुंजीगत खर्चमा विनियोजन रकम

**रु. हजारमा**

| **क्र.स.** | खर्च शीर्षक | विनियोजित बजेट रु | कैफियत |
|---|---|---|---|
| १. | चालुगत खर्च रकम | २८४००० | |
| २. | पुंजीगत खर्च रकम | २६१०० | |
| | **जम्मा रकम रु** | **३१०१००** | |

**(ख) चालु तथा प्रशासनिक खर्च**

**रु. हजारमा**

| **क्र.स.** | **खर्च संकेत नं.** | **खर्च शीर्षक** | **बजेट रु.** | **कैफियत** |
|---|---|---|---|---|
| १. | २१००० | पदाधिकारीपारिश्रमिक तथा सुविधा | १२००० | |
| २. | २११११ | कर्मचारी पारिश्रमिक | १९००० | |
| ३. | २११२१ | कर्मचारी पोशाक भत्ता | १२०० | |
| ४. | २११३१ | स्थानीय भत्ता | २५०० | |
| ५. | २११३२ | महंगी भत्ता | १२०० | |
| ६. | २११३४ | कर्मचारीको वैठक भत्ता,यातायात भत्ता | १२०० | |
| ७. | २११३५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | १०० | |
| ८. | २११३९ | अन्य भत्ता | ५०० | |
| ९. | २११४१ | पदाधिकारी वैठक भत्ता, यातायात भत्ता | १८०० | |
| १०. | २२१११ | पानी तथा विजुली | १००० | |
| ११ | २१११२ | पदाधिकारी संचार खर्च | ७०० | |
| १२. | २२११२ | सञ्चार महसुल | १००० | |
| १३ | २२११२ | इन्टरनेट महसुल | २००० | |
| १४. | २२१२१ | घरभाडा | १८०० | |
| १५. | २२१२२ | सामान ढुवानी तथा गाडिभाडा | १५०० | |

| | | | | |
|---|---|---|---|---|
| १६. | २२२११ | इन्धन पदाधिकारी | १००० | |
| १७. | २२२१२ | ईन्धन कार्यालय प्रयोजन | ३००० | |
| १८. | २२२१३ | सवारी साधन मर्मत खर्च | ३००० | |
| १९. | २२२१४ | विमा तथा नवीकरण खर्च | ५०० | |
| २०. | २२२२१ | मेशिनरी औजार मर्मत सम्भार खर्च | ५०० | |
| २१. | २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | ५००० | |
| २२. | २२३१५ | छपाइ तथा सूचना प्रकाशन खर्च | २५०० | |
| २३. | २२३१३ | पुस्तकालय निर्माण | ५०० | |
| २४. | २२३१४ | इन्धन अन्य प्रयोजन | ३०० | |
| २५. | २२४११ | सेवा र परामर्श खर्च | ५०० | |
| २६. | २२४१२ | थप तलब भत्ता | १००० | |
| २७. | २२४१३ | करार सेवा शुल्क | १५००० | |
| २८. | २२४१३ | स्वास्थ्य कर्मी करार सेवा शुल्क तथा अन्य सुविधा | १५००० | |
| २९. | २२४१९ | अन्य सेवा शुल्क | ५०० | |
| ३० | २२४१३ | बाल बिकास सहयोगीको तथा नगर अनुदान शिक्षक करार तलब भत्ता तथा अन्य सुविधा | १८००० | |
| ३२. | २२५१२ | सिप विकास र जनचेतना तथा दिवसिय कार्यक्रम | ८०० | |
| ३३. | २२५२९ | विविध कार्यक्रम खर्च | ३००० | |
| ३४. | २२६११ | अनुगमन मूल्यांकन र भ्रमण खर्च | १२०० | |
| ३५. | २२६१२ | भ्रमण खर्च | २८०० | |
| ३६. | २२७११ | विविध खर्च | २००० | |
| ३७. | २२७२१ | सभा सञ्चालन खर्च | १००० | |
| ३८ | | विभिन्न कानुन निर्माण | २०० | |
| ३९ | | अतिथी सत्कार | ८०० | |
| ४० | | शाखामा सफटवयर खरीद | १००० | |
| | **जम्मा चालु खर्च** | | १२७४०० | |

(ग) नेपाल सरकारबाट प्राप्त हुने सवै प्रकारको रकम, प्रदेश सरकारबाट प्राप्त हुने रकम र गत वर्षको नगद मौज्दात समेतबाट विनियोजित पूजिगत खर्च

रु. हजारमा

| क्र.स. | खर्च शीर्षक | विनियोजित बजेट रु | कैफियत |
|---|---|---|---|
| १. | आर्थिक विकास क्षेत्र | ७५०० | |
| २. | सामाजिक विकास क्षेत्र | ८००० | |
| ३. | पूर्वाधार विकास क्षेत्र | १८००० | |
| ४. | वातावरण तथा विपद व्यवस्थापन क्षेत्र | ४००० | |
| ५. | संस्थागत विकास तथा सेवा प्रवाह क्षेत्र | २५०० | |
| ६. | समपुरक रकम | ७००० | |
| ७. | नगर प्रमुख रोजगार कार्यक्रम | ५००० | |
| ८. | कन्टिजेन्सी खर्च | ३१०० | |
| ९. | मर्मत सम्भार कोष | ९००० | |
| १० | म्याचिङ | ७००० | |
| ११. | शैक्षिक व्यवस्थापन कोष | ४००० | |
| १२ | गरीवी निवारणको लागी लघुउधम कार्यक्रम | ७०० | |
| १३ | वडा समिति | २६००० | |
| १४ | जनता प्रा वि बिशेष स्रोत कक्षा संचालन पिपलचौर | १००० | |
| १५ | न्यायीक समिति कार्यालय व्यवस्थापन तथा कार्यक्रम संचालन | १००० | |
| १६ | खेलकुद तथा पुर्वाधार | १००० | |
| १७ | नगर महोत्सव | ५०० | |
| १८ | पालिका पहिचान तथा सस्कृति संरक्षण | ३०० | |
| १९ | आकष्मिक कोष | २००० | |
| २० | महिला विकास शाखा | १२०० | |
| | **जम्मा पूजिगत व्यय खर्च रकम रु** | १०८८०० | |

(घ) आन्तरिक राजश्व र राजश्व बाँडफाँट समेतका आधारमा विषयगत शाखा तथा अन्य विविध क्षेत्रमा विनियोजित हुने अनुमानित चालु खर्च रकम

रु. हजारमा

| क्र.स. | खर्च शीर्षक | विनियोजित बजेट रु | कैफियत |
|---|---|---|---|
| १. | शिक्षा युवा तथा खेलकुद विकास शाखा रु | ० | |
| २. | कृषि विकास शाखा रु | | |
| ३. | आधारभुत स्वास्थ्य तथा सरसफाइ शाखा रु | ० | |
| ४. | पशुपंक्षी विकास शाखा रु | ० | |
| ५. | लहँ आयुर्वेद औषधालय कालीमाटी रु | ८०० | |
| ६. | कोरोना संक्रमण रोकथाम तथा उपचार कोष रु | ० | |
| ७. | अवकाश कोष रु | ० | |
| ८. | आकष्मिक कोष | ० | |
| ९. | विपद व्यवस्थापन कोष रु | ० | |
| १०. | अन्य विविध कोष रु | ० | |
| ११. | वहुक्षेत्रिय पोषण योजना म्याचिंग रु | ० | |
| १२. | महिला वालवालिका उपशाखा | ० | |
| | **जम्मा चालुगत व्यय खर्च रकम अनुमान रु** | ८०० | |

(ङ) प्रदेश सरकारबाट प्राप्त विशेष अनुदानको पुंजीगत खर्च रकम

रु. हजारमा

| क्र.स. | खर्च शीर्षक | विनियोजित बजेट रु | कैफियत |
|---|---|---|---|
| १. | विशेष अनुदान | ७५०० | |
| | **जम्मा पुंजीगत रकम रु** | ७५०० | |

च) प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदानको पुंजीगत खर्च रकम मुख्यमन्त्री सहित

रु. हजारमा

| क्र.स. | खर्च शीर्षक | विनियोजित बजेट रु | कैफियत |
|---|---|---|---|
| १. | सशर्त अनुदान | ३०६९५ | |
| | **जम्मा पुंजीगत रकम रु** | ३०६९५ | |

(छ) प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदानको पुंजीगत अनुदान रकम रु

रु. हजारमा

| क.स. | खर्च शीर्षक | विनियोजित बजेट रु | कैफियत |
|---|---|---|---|
| १. | समपुरक अनुदान | १२५०० | |
| | **जम्मा पुँजीगत रकम रु** | १२५०० | |

ज) नेपाल सरकारबाट प्राप्त समपुरक अनुदानको पुँजीगत अनुमान रकम रु

रु. हजारमा

| क.स. | खर्च शीर्षक | विनियोजित बजेट रु | कैफियत |
|---|---|---|---|
| १. | समपुरक अनुदान | ५००० | |
| | **जम्मा पुँजीगत रकम रु** | ५००० | |

झ) नेपाल सरकारबाट प्राप्त विशेष अनुदानको पुँजीगत अनुमान रकम रु

रु. हजारमा

| क.स. | खर्च शीर्षक | विनियोजित बजेट रु | कैफियत |
|---|---|---|---|
| १. | विशेष अनुदान | ८०००० | |
| | **जम्मा पुँजीगत रकम रु** | ८०००० | |